# महिला तथा बाल विकास विशेष कोष स्थापना सञ्चालन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका–२०६५

**प्रस्तावना :–**

मुलुकको सर्वाङ्गीण विकासका लागि महिला तथा बालबालिकाको हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न अत्यन्त जरूरी रहेको छ । धनकुटा जिल्लामा बसोबास गर्ने महिलाहरूलाई उनीहरूसँग सम्बद्ध ऐन कानुनमा भएको व्यवस्थाका बारेमा जानकारी गराउँदै सशक्तीकरणको माध्यमद्वारा विकासको मूल प्रवाहमा समेट्न आवश्यक छ भने भविष्यमा राष्ट्र सञ्चालनका लागि योगदान गर्न सक्ने बालबालिकाका लागि उनीहरूको अधिकारबारे सचेत गराउँदै संरक्षण र सम्बर्द्धनमा ध्यान पुऱ्याउन जरूरी छ । हाल यस जिल्लामा पनि जोखिममा परेका बालबालिका तथा हिंसापीडित महिलाहरूको संख्या दिन-प्रतिदिन बढ्दो अवस्थामा रहेको छ । यस्तो अवस्थामा सुधार ल्याउन वाञ्छनीय भएकाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को मर्म र भावनाअनुसार स्थानीय निकाय आर्थिक नियमावली, २०६४ को नियम ५४ को (छ) मा भएको व्यवस्थाअनुसार महिला तथा बाल विकास विशेष कोष स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न जिल्ला विकास समिति, धनकुटाले यो निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद–१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :–**

१.१ यस निर्देशिकाको नाम “महिला तथा बाल विकास विशेष कोष स्थापना सञ्चालन तथा व्यवस्थापन विशेष कोष” रहेकोछ ।

१.२ यो निर्देशिका जिल्ला परिषदबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :–**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “निर्देशिका” भन्नाले महिला तथा बाल विकास विशेष कोष निर्देशका, २०६५ बुझ्नुपर्छ ।

(ख) “जिल्ला विकास समिति” भन्नाले जिल्ला विकास समिति (जि.वि.स.) धनकुटा सम्झनुपर्छ ।

(ग) “आर्थिक नियमावली” भन्नाले स्थानीय निकाय आर्थिक नियमावली, २०६४ लाई बुझ्नुपर्छ ।

(घ) “समिति” भन्नाले महिला तथा बाल विकास विशेष कोष सञ्चालन तथा व्यवस्थापन समिति प्रकरण १०.१ को समितिलाई बुझ्नु पर्छ ।

(ङ) “जोखिममा परेका महिला तथा बालबालिका” भन्नाले घरेलु हिंसाबाट पीडित, श्रीमान्ले बेवास्ता गरेका, श्रीमान् वा परिवारका अन्य सदस्यबाट शारिरिक यातना पाइरहेका, श्रीमान् वेपत्ता भएर परिवारबाट अपहेलित भएका, अंश नपाएर दुःख पाइरहेका, बलात्कार एवं यौन -शोषण र दुर्व्यवहारबाट पीडित, बहुविवाहबाट पीडित, मानव बेचबिखनमा परेका,

नागरिकता नपाइरहेका, जवरजस्ती विवाह वन्धनमा परी यातना भोगिरहेका, नाता कायम हुन नसकी सेवा सुविधाबाट वञ्चित, अपहरण/हत्या हिंसाबाट पीडितलगायत अन्य पीडा भोगिरहेका महिला तथा द्वन्द्वबाट बाबु आमा गुमाएका, सडकमा बाँचिरहेका, परिवारजनबाट अपहेलित, द्वन्द्वबाट शरीरिक मानसिक यातना पाएकालगायत यस्तै अन्य यातना भोगिरहेका बालबालिकालाई वुझ्नुपर्छ

(च) "कोष" भन्नाले महिला तथा बाल विकास विशेष कोष स्थापना र सञ्चालन तथा व्यवस्थापन गर्न बनेको कोषलाई वुझ्नुपर्छ ।

**३. कोषको स्थापना तथा छाप :-**

३.१ महिला तथा बाल विकास विशेष कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. कोषको कार्यालय :-**

४.१ कोषको कार्यालय जिल्ला विकास समितिको कार्यालयमा रहनेछ ।

## परिच्छेद-२
## केन्द्रको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**५. दीर्घकालीन अवधारणा :-**

जिल्लाको समष्टिगत विकासका लागि महिला बालबालिकाहरूमाथि हुने विभेद, हिंसा, अन्याय, अत्याचार कम गर्दै उनीहरूको सहभागिता अभिवृद्धिमा सहयोग पुऱ्याउनु कोषको दीर्घकालीन अवधारणा हुनेछ ।

**६. लक्ष्य :-**

जिल्लामा जोखिममा रहेका महिला, बालबालिकाको उद्धार पुनर्स्थापनामा सहयोग पुऱ्याई जोखिमपूर्ण अवस्थाबाट जिल्लालाई मुक्त गर्न सहयोग पुऱ्याउने कोषको लक्ष्य हुनेछ ।

**७. उद्देश्य :-**

कोष उद्देश्य देहाय अनुसार हुनेछन् :-

७.१ जोखिममा परेका महिला, बालबालिकाको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

७.२ महिलाहरूमाथिको शोषण, दमन तथा सामाजिक अत्याचारमा कमी ल्याउन सहयोग पुऱ्याउने ।

७.३ बालबालिकाको कानूनीहरू अधिकारका बारेमा सशक्तीकरण गर्दै उनीहरूको कानूनी उपचारमा सहयोग पुऱ्याउने ।

७.४ हिंसापीडित महिला तथा निजका आश्रित बालबालिकाहरूको सुरक्षामा सहयोग पुऱ्याउने ।

७.५ जोखिममा परेका बालबालिकाका लागि पठन-पाठनको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

**८. नीति :-**

८.१ जोखिममा परेका पीडित महिला तथा बालबालिका फेला परेको अवस्थामा कानूनी उपचारका लागि सम्वन्धित निकायसम्म पुऱ्याउन सहयोग पुऱ्याउने ।

८.२ जोखिममा परेका महिला तथा बालबालिकाको शारीरिक अवस्थामा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

८.३ जोखिमा परेका बालबालिकाको पठन पाठनका लागि सहयोग पुऱ्याउने ।

८.४ पीडित महिला बालबालिकाको शरीरमा कपडा नभएको अवस्थामा पाइएमा सो व्यवस्थाका लागि सहयोग पुऱ्याउने ।

८.५ पीडित महिला बालबालिकाका अविभावक वा संरक्षक सम्पर्कमा नआएसम्म अन्य कुनै संघ संस्थाले जिम्मा नलिएसम्म खाने बस्ने व्यवस्थाका लागि सहयोग पुऱ्याउने ।

८.६ घर-परिवारबाट सहयोग प्राप्त नभएमा जोखिममा परेका महिला बालबालिका मध्ये दलित, जनजातिलाई प्राथमिकताका साथ आपतकालीन सहयोग पुऱ्याउने ।

८.७ जिल्लाका संकटाभिमुख हिंसापीडित महिला बालबालिकाका लागि जीविकोपार्जनमा सहयोग पुग्ने खालका क्रियाकलाप सञ्चालनका लागि आंशिक सहयोग पुऱ्याउने ।

८.८ पीडितको अवस्थाका आधारमा समितिले आफ्नो अवस्थालाई समेत मध्यनजर गर्दै अन्य उपयुक्त निर्णय गरी राहत उपलब्ध गराउने ।

## परिच्छेद-३
## कोषको व्यवस्थापन तथा संचालनसम्बन्धी व्यवस्था

**९ कोषको सञ्चालन तथा व्यवस्थापन समितिको गठन :-**

९.१ कोषको उद्देश्य प्राप्तिका लागि देहायअनुसारको एक व्यवस्थापन तथा सञ्चालन समिति गठन गरिने छ :-

- जिल्ला विकास समितिका सभापति - अध्यक्ष
- जिल्ला विकास समितिका उप-सभापति - सदस्य
- महिला सदस्य जिल्ला विकास समिति - सदस्य
- स्थानीय विकास अधिकारी, जि.वि.स.को कार्यालय - सदस्य
- यो.अ.तथा प्र.अ., जि.वि.स.को कार्यालय - सदस्य
- महिला विकास अधिकृत म.वि.का. - सदस्य
- अध्यक्ष जिल्ला बाल कल्याण समिति - सदस्य
- प्रमुख महिला सेल जि.प्र.का. - सदस्य
- अध्यक्ष अन्तर पार्टी महिला सञ्जाल - सदस्य
- अध्यक्ष गैसस महासंघ - सदस्य
- अध्यक्ष नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा - सदस्य
- समितिले मनोनीत गरेका मानव अधिकारवादीमध्येबाट - सदस्य
- सभापति नेपाल पत्रकार महासंघ जिल्ला शाखा - सदस्य

- सामाजिक विकास हेर्ने कार्यक्रम अधिकृत - सदस्य सचिव

९.२ प्रकरण ९.१ बमोजिम समितिले मनोनीत गरेका सदस्यहरूको पदावधि २ बर्षको हुनेछ। पदावधि समाप्त भएको सदस्यलाई पुनः अर्को पटक सदस्य मनोनीत गर्न सकिनेछ।

९.३ सञ्चालन तथा व्यवस्थापन समितिको बैठक सामान्यतया बर्षमा २ पटक बस्नेछ। बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ। आवश्यकता महसुस भएमा व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ।

९.४ व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठक गणपूरक संख्या पुगेको मानिने छ। बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ।

## १०. सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :-

व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) जोखिममा परेका पीडित महिला तथा बालबालिकाको सूचना संकलन गरी अभिलेख तयार गर्ने।

(ख) पीडितको पक्षमा न्याय दिलाउन सहयोग पुऱ्याउने।

(ग) महिला बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी/गैरसरकारी संघ, संस्था, कार्यालयहरूसँग समन्वय गरी एकीकृत रूपमा स्रोत पहिचान र परिचालन गर्न आवश्यक व्यवस्था मिलाउने।

(घ) जोखिममा परेका महिला बालबालिकाका लागि सञ्चालन गरिने क्रियाकलापहरूबीच समन्वय गर्ने/गराउने।

(ङ) कोषको वार्षिक, अर्ध वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

(च) कोषबाट सञ्चालन भएका कार्यक्रम एवं गतिविधिहरूको अनुगमन गर्ने।

(छ) कोषबाट भए गरेका कार्यहरूको प्रगति समीक्षा गर्ने/गराउने।

## ११. अध्यक्षको काम कर्तव्य र अधिकार :-

अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ।

(क) बैठकको अध्यक्षता गर्ने।

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने।

(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने।

(ङ) कोषको वित्तीय स्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(च) कोषका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने।

(छ) कोषका बैठक सहभागितात्मक रूपमा सञ्चालन गराउने।

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने।

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने, गराउने।

(ञ) कोषको योजना तर्जुमा तथा स्वीकृत गर्न गराउन आवश्यक कार्यवाही गर्ने गराउने।

(ट) कोषका कामको अनुगमन मूल्यांकन गर्ने गराउने।

**१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :-**

कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने अध्यक्षसँग सल्लाहमा छलफलका विषयवस्तुहरू तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरू जिम्मा लिने ।

(ग) कोषसँग सम्बन्धित सूचनाहरू, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने ।

(च) कोषका कार्यक्रम तर्जुमा तथा स्वीकृत र कार्यान्वयन गराउन आवश्यक कार्यवाही गर्ने ।

(छ) कार्यक्रमहरूको अनुगमन गर्ने गराउने ।

(ज) कोषको चलअचल सम्पतिको संरक्षण गर्ने गराउने ।

**१३. सदस्यको काम, कर्तव्य र अधिकार :-**

कोषको सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।

(ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ग) तोकिएको जिम्मेवारीलाई पूरा गर्ने ।

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

(ङ) अध्यक्षले तोकेका अन्य कार्यहरू पूरा गर्ने ।

(च) कोषका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद–४
## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१४. कोषको वित्तीय व्यवस्थापन :-**

१६.१. कोषको नाममा एउटा कोष रहनेछ । जसमा देहायका रकमहरू रहने छन् :-

(क) जिल्ला विकास समितिले महिला तथा बालबालिकाका लागि वार्षिक रूपमा विनियोजन हुने रकम ।

(ख) जिल्ला विकास समितिबाहेक स्थानीय निकायबाट प्राप्त हुने रकम ।

(ग) दातृ निकाय, परियोजना, गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम ।

(घ) कोषलाई सेवा शुल्क वापत प्राप्त हुने रकम ।

(ङ) कोषलाई अन्य विभिन्न स्रोतहरूबाट प्राप्त रकम ।

१६.२. कोषको रकम जिल्लास्थित कुनै बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको सञ्चालन जि.वि.स.को कार्यालयका स्थानीय विकास अधिकारी वा निजले तोकेका अधिकृत कर्मचारी र जि.वि.स.को कार्यालयका लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

१६.३. कोषको लेखापरीक्षण जिल्ला विकास कोषको लेखापरीक्षण गर्ने व्यवस्थाअनुसार हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्था :-**

कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिकाबमोजिम र अन्य कुराको हकमा स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६५ बमोजिम हुनेछ ।

**१६. अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने :-**

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजनबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न पाइने छैन ।

**१७. प्रशासनिक व्यवस्था :-**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार जि.वि.स.को कार्यालयका कर्मचारीहरूबाटै सञ्चालन गरिने छ ।

**१८. बैठक भत्ता :-**

कोषको व्यवस्थापन समिति तथा कार्यकारिणी समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरूलाई जिल्ला विकास समितिका सदस्यले पाएसरहको बैठक भत्ता उपलव्ध गराइने छ ।

**१९. कार्यक्रम संचालन सम्वन्धी खर्चको व्यवस्था :-**

२१.१ कोषबाट सञ्चालन हुने कार्यक्रमहरू कोषले आफै वा अन्य सरकारी/गैरसरकारी निकायसँग मिलेर सञ्चालन गर्न सक्नेछ ।

२१.२. कोषले आफ्नो कार्यक्रम गैर सरकारी संघ/संस्थाहरूबाट सञ्चालन गराउन सक्नेछ ।

**२०. सेवा शुल्क :-**

२१.१ कोषका कार्यक्रम कोष आफैले सञ्चालन गर्दा बाहेकको अवस्थामा कार्यक्रम सञ्चालन गर्ने निकाय/संघसंस्थालाई कोषले ५% मा नबढाईकन सेवा शुल्क उपलब्ध गराउन सक्नेछ ।

२१.२ कोषले सञ्चालन गरेका कार्यक्रमकालागि प्रयोग गरिएका स्रोत व्यक्तिबाट कोषले भूक्तानी गरेको शुल्कबाट १०% सेवा शुल्क लिन सक्नेछ ।

## परिच्छेद–५
## विविध

**२१. कोषबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने :–**

जिल्ला विकास समितिको कार्यालय, जिल्ला विकास समितिअन्तर्गतका समिति, उप-समिति वा स्थानीय विकास कोषबाट सञ्चालन गरिने महिला तथा बाल विकाससम्बन्धी कार्यक्रमहरू कोषबाटमात्र सञ्चालन गरिने छन् ।

**२२. जाँचपास तथा फरफारक :–**

कोषबाट सञ्चालन गरिएका कार्यक्रमको जाँचपास तथा फरफारक कार्यकारिणी समितिको सिफारिसमा व्यवस्थापन समितिले गर्ने ।

**२३. जिल्ला विकास योजनामा समावेश गर्ने :–**

कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरू परिषद्को जानकारीका लागि जिल्ला विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**२४. निर्देशिकाको संशोधन :–**

२६.१. यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा जिल्ला विकास समितिले गर्नेछ ।

**२५. बचाउ र खारेजी :–**

२७.१. कुनै कारणबश कोष संचालन हुन नसकेमा जिल्ला विकास समितिले कोषलाई खारेज गर्न सक्नेछ ।

२७.२. कोष खारेज भएपछि कोषमा रहेको चल अचल सम्पति तथा दायित्व जिल्ला विकास समितिमा स्वतः सर्नेछ ।